सम्पर्क
फोन नं.: ०८९-४१०००८
इमेल: daodailekh@gmail.com
daodailekh@moha.gov
वेभसाइट:daodailekh.moha.gov

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# दैलेख
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

पत्र संख्या:-०८०/८१
च.नं.:- ४२२८

मितिः २०८१/०३/२
ने.स ११४४ तक्षलाथ्व १० आइतवार

श्री गृह मन्त्रालय (विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा)
सिंहदरवार काठमाण्डौ।

विषयः-कार्ययोजना पठाइएको सम्वन्धमा।

उपर्युक्त सम्बन्धमा दैलेख जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसाल ज्यूको अध्यक्षतामा २०८१/३/२गते वसेको वैठकमा छलफल भई स्वीकृत भएको **मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना २०८१**यसै पत्रासाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ।

गणेशप्रसाद कोइराला
प्रशासकीय अधिकृत

**प्रशासकिय अधिकृत**

वोद्दार्थ
आन्तरिक मामिला तथा कानुन मन्त्रालय कर्णाली प्रदेश सुर्खेत
जिल्ला स्थित सुरक्षा निकाय (सवै )दैलेख

आज मिती २०८१ साल असार २ गते आइतवारका दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसाल ज्यूको अध्यक्षतामा मनसुन पूर्वतयारी प्रतिकार्य योजना २०८१ को सम्वन्धमा वैठक वसि देहायअनुसारका निर्णयहरु गरियो।

**उपस्थिति**

प्र.जि.अ, श्री खिमराज भुसाल,जिल्ला प्रशासन कार्यालय,दैलेख

प्रमुख, श्री नमराज शाही, जिल्ला समन्वय समितिको कार्यालय, दैलेख

का.वा, नगर प्रमुख, श्री तप्ता कुमारी थापा, नारायण नगरपालिका दैलेख

सेनानी, श्री दिपेन्द्र खड्का, कालीदत्त गुल्म दैलेख

प्र.ना.उ, श्री सुनिल दाहाल, जिल्ला प्रहरी कार्यालय, दैलेख

स.प्र.ना.उ, श्री द्रोणा प्रसाद ढकाल, स.प्र.वल नेपाल आश्रित गुल्म, दैलेख

प्र.अ.अ, श्री हिरण्ड बहादुर कुँवर, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख

नि. स्वास्थ्य सेवा व्यवस्थापक,डा. धर्मराज रेग्मी,स्वास्थ्य सेवा कार्यालय,दैलेख

डिभिजन वन अधिकृत, श्री धर्मराज उपाध्याय, डिभिजन वन कार्यालय, दैलेख

कार्यालय प्रमुख, प्रभाकर सिंह, पूर्वाधार विकास कार्यालय, दैलेख

कार्यालय प्रमुख, श्री शिवप्रसाद आचार्य, नेपाल टेलिकम दैलेख

कार्यालय प्रमुख, श्री नरेशदत्त आचार्य, विधुत प्राधिकरण शाखा, दैलेख

नि.कार्यालय प्रमुख, श्री प्रजापती भट्ट, पशु अस्पताल तथा पशु सेवा कार्यालय, दैलेख

कार्यालय प्रमुख, श्री महेशकेशर खनाल, सामाजिक विकास कार्यालय, दैलेख

कार्यालय प्रमुख, श्री दशरथ पाण्डे, कृषि विकास कार्यालय, दैलेख

कार्यालय प्रमुख, श्री रविन रेग्मी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेख

कार्यालय प्रमुख, श्री निर्पजंग शाही उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेख

जिल्ला समन्वय अधिकारी श्री रेशम बुढा जिल्ला समन्वय समितिको कार्यलय दैलेख

प्रहरी निरिक्षक कमलप्रसाद आचार्य जिल्ला प्रहरी कार्यालय दैलेख

सभापती श्री निर्जन कुमार खत्री नेपाल रेडक्रश सोसाइटी दैलेख

अध्यक्ष श्री अमर सुनार स्वयमसेवी रक्तदाता समाज दैलेख

कार्यालय प्रमुख, श्री रविन रेग्मी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेख अ

कार्यालय प्रमुख, श्री निर्पजंग शाही उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दैलेख

कार्यालय प्रमुख श्री रतन विष्ट शिक्षा विकास तथा समन्वय इकाई दैलेख

महासचिव, श्री प्रकाश पौडेल, उद्योग वाणिज्य संघ दैलेख

प्रतिनिधी ,श्री लोकेश गिरी, गैसस महासंघ देलेख

प्रतिनिधी कृष्ण दैलेखी श्री ~~नेपाल पत्रकार महासंघ दैलेख~~ /हिमालय टेलिभिजन दैलेख

प्रतिनिधि श्री दिपक केसी एभरेष्ट क्लव दैलेख

प्रशासकीय अधिकृत श्री गणेश प्रसाद कोइराला जिल्ला प्रशासन कार्यालय दैलेख

मनसुन पूर्वतयारी प्रतिकार्य योजना २०८१ सम्वन्धमा २०८१/३/२ गते वसेको वैठकका निर्णयहरु

निर्णय न १

जिल्लाका समग्र विपद व्यवस्थापन एवं मनसुन पूर्वतयारी प्रतिकार्य सम्वन्धमा भएका प्रयासहरु र आगामी समयमा खेलिनुपर्ने भुमिकाहरु सम्वन्धमा समिक्षा गरियो।

निर्णय नं २

उपस्थित सरोकारवाला निकायहरु सँगको छलफल पश्चायात मनसुन पूर्वतयारी प्रतिकार्य योजना २०८१ स्वीकृत गरियो। साथै यसको प्रभावकारी कार्यान्वियनका लागि सरोकारवाला पक्षहरुले अग्रसरता जनाउने।

निर्णय नं ३

मनसुन पूर्वतयारी प्रतिकार्य योजना अनुसार मनसुनजन्य विपदका घटनाहरुवाट जोखिम न्यूनिकरणका लागि सूचना संकलन, संम्प्रेषण एवं प्रसारणमा समन्वय र सहकार्य गर्ने साथै जिल्लामा मनसुनजन्य विपद जोखिम न्यूनिकरणका क्षेत्रगत कार्यालयले तोकिएको जिम्मेवारी वहन गरी सो को जानकारी विपद व्यवस्थापन समितीको वैठकमा नियमित पेश गर्ने।

निर्णय नं ४

स्थानीय तहहरुले उक्त स्वीकृत गरेको कार्ययोजनाको कार्यान्वनका लागि प्रमुख जिल्ला अधिकारी जिल्लास्थित सुरक्षा निकाय, विपदसँग कार्यरत संघ/संस्थाहरु, निजि क्षेत्रहरु एवं अन्य सरोकारवाला निकायहरु समेत को समन्वय र सहकार्य मा जोड दिने।

प्रमुख जिल्ला अधिकारी

२०८१/३/०२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

# मनसुन,पूर्वतयारी प्रतिकार्य कार्ययोजना, २०८१

नेपाल जिल्ला विपद् व्यवस्थापन समिति, दैलेख

२०८१,असार

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

## १.पृष्ठभुमि

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक" वा गैर प्राकृतिक विपद् सम्झनुपर्छ । जसमा प्राकृतिक विपद् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुवान, खडेरी, आधी, हुरी बतास, शितलहर, तातो हावाको लहर लु, चट्याङ, भुकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद् बाट उत्पन्न जुन सुकै विपद्लाई सम्झन पर्दछ त्यसैगरी गैर-प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्यौगिक दुर्घटना, आगलागी, बिषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्यास विष्फोटन, विषाक्त खाद्य सेबन, बातावरणीय प्रदूषण, वन बिनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उदार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्वाट उत्पन्न विपद् सम्झनुपर्दछ ।

विकासशील तथा विकासोन्मुख राष्ट्रहरुमा विपदवाट हुने क्षति बिकसित राष्ट्रहरुको तुलनामा धेरै छ । त्यसको मुख्य कारणहरु मध्ये विपद जोखिम न्यूनिकरण गर्ने क्षमता तथा संयन्त्र कमजोर हुनु पनि एक हो । त्यसै कुरालाई मनन गरी विद्यमान साधन स्रोतको पहिचान तथा परिचालन गर्दै विपद जोखिम न्यूनिकरण गर्न र संभावित जनधनको क्षतिलाई रोक्न वा घटाउन सबै सरोकारवालाहरुको संयुक्त प्रयास हुनु आवश्यक छ । यसै सन्दर्भ तथा पृष्ठभूमिमा यो योजना तयार भएको छ ।

प्रत्येक वर्ष आउने मनसुनी प्रकोप, आगलागी जस्ता घटना यस जिल्लामा घटिरहेका छन् । उल्लेखित प्रकोपहरुलाई ध्यानमा राखि यो पूर्व तयारी योजना सरकारवालाहरु संगको सहकार्यमा तयार गरि लागु गरिएको छ । सबै सरोकारवाला पक्षहरुले यस बमोजिमको पुर्व तयारी गर्नको निम्ति अनुरोध समेत गरिन्छ ।

जिल्लाका विभिन्न ११ एघार वटा स्थानीय तहहरुमा प्रत्येक मनसुनको समयमा हुन सक्ने उच्च जोखिम का क्षेत्रहरु रहेका र उक्त क्षेत्रहरु मा हुन सक्ने विविध घटनाहरु समाधानका लागि चाहिने पूर्वतयारीको रुपमा मनसुन पूर्वतयारी प्रतकार्य योजना २०८१ ले गर्ने गरि थप अध्यावधिक समेत गरिएको छ। जलवायु परिवर्तन सँगसगै जिल्लाका विभिन्न क्षेत्रहरुमा देखापर्न सक्ने विविध जोखिमयुक्त क्षेत्रहरु एवं जिल्लामा विपदसँग कार्यरत विभिन्न संघ संस्थाहरु एवं विषयगत कार्यालय सँगको समन्वय र सहकार्यलाई समेत उजागर गरिएको छ।जिल्ला विपद व्यवस्थापन समितिका पदाधिकारीहरु एवं अन्य विविध सरोकारवाला निकायहरुसमेतको सहभागितामा हुन सक्ने विपद जोखिमलाई न्यूनिकरण समेत गर्नुपर्ने आवश्यक्तालाई समेत यसले सघाउ पुरर्याउछ।

जिल्लाका विभिन्न स्थानीय तहहरुमा मनसुनका कारण उत्पन्न हुन सक्ने विपदका घटनाका कारण उत्पन्न हुन सक्ने विभिन्न क्षतिलाई न्यूनिकरण गर्दै यसलाई थप प्रभावकारी ढंगबाट संचालन गर्नु एवं मानिसको जनजीवनमा मनसुनका कारण उत्पन्न हुन सक्ने सम्भावित घटनाहरु लाई प्रत्यक्ष रुपमा प्रतिकार्यका लागि यो योजनाले काम गर्दछ। मनसुनका कारण उत्पन्न विविध प्रकोपहरु जस्तै सडक अवरोध वाढी पहिरो भु क्षय वस्ती डुवान चट्याङ्ग आदिका कारण उत्पन्न हुन सक्ने विपद जोखिमको पूर्व तयारीको रुपमा यस योजनाले कार्य संचालन गर्दछ।यसले विषयगत कार्यालय एवं जिल्लाका विपदसँग कार्यरत विभिन्न सरोकारवाला निकायहरु सँगको सम्भावित क्षमताको आँकलन तथा कार्यजिम्मेवारी समेत तोक्ने गर्दछ जसले गर्दा मनसुनको आपतकालीन समयमा देखा पर्न सक्ने विविध जोखिमको न्यूनिकरण एवं सहजै ढंगबाट राहत तथा उद्धारका कार्यहरु समेत गर्न समेत सघाउ गर्न मदत गर्दछ।

सरकार
मन्त्रालय
प्रशासन कार्यालय
दैलेख

# २दैलेख जिल्लाको परिचय :

२. दैलेख जिल्लाको सामान्य परिचयः-

| | | |
|---|---|---|
| अक्षांश | २८°३५" देखी २५°८" उत्तरी अक्षांश सम्म | |
| देशान्तर | ८१°२५" देखी ८१°५३" पूर्वी देशान्तर सम्म | |
| उचाई | समुन्द्री सतहबाट ५४४ मिटर तल्लो ढुङ्गेश्वर देखी ४,१६८ मिटर महाबुलेख सम्म | |
| नदीनालाहरु | लोहरे, रामागाड, छामगाड, नेगाड, तारागाड, तामेखोला, पादुका, कट्टी, पराजुलखोला, रतिखोला आदि नदीहरु प्रमुख नदीहरु हुन भने सहायक नदी वा खोलाको रूपमा सानाखोला, नाभीस्थान, कानेगाड, चिनेखोला आदि । | |
| तापक्रम | औषत अधिक्तम तापक्रम ३४° सेन्टीग्रेट र औषत न्यूनतम तापक्रम ५° सेन्टीग्रेट | |
| जलवायु | समशितोष्ण | |
| औषत बर्षा | वार्षिक वर्षा करिब १,७०० मिलिमिटर | |
| वनस्पति | उष्ण सदावहार देखी टुन्ड्रा सम्म पाइने | |
| वनजंगल | ८९,८९९ हेक्टर | |
| आवास तथा कृषि | आवासः १३,३३३ हेक्टर | |
| | कृषिः ४३,१२१ हेक्टर | |
| क्षेत्रफल | १,५०२ वर्ग किलोमिटर | |
| सीमाना | पूर्वः जाजरकोट | पश्चिमः आछाम |
| | उत्तरःकालिकोट | दक्षिणः सुर्खेत |
| जनसंख्या | २५३३१९ | २०७८ को जनगणना अनुसार |
| भू-क्षेत्र र जमिनको वर्गिकरण | पहाडी क्षेत्रः ८० प्रतिशत | उच्च पहाडी क्षेत्रः २० प्रतिशत |
| जनघनत्व | १७४ प्रति वर्ग किलोमिटर | |
| स्थानिय तह | नगरपालिका(४वटा) नारायण, दुल्लु, चामुण्डा विन्द्रासैनी, आठवीस<br>गाउँपालिका(७ वटा)गुराँस, नैमुले, ठाटीकाँध, भगवतीमाई, डुंगेश्वर, महावु,भैरवी | |
| मुख्य आयोजनाहरु | मध्यपहाडी पुष्पलाल राजमार्ग योजना भैरवी १ जलजलेस्थित पेट्रोलियम अन्वेषण परियोजना दैलेख दैलेख सुर्खेत सडक खण्ड सुर्खेत दैलेख महावु सडक खण्ड अपर कर्णाली जलविधुत आयोजना आदी | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

२.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक प्रशासनिक विभाजन :

दैलेख जिल्ला कर्णाली प्रदेश अन्तर्गतको पहाडी जिल्ला हो यस जिल्लाको सदरमुकाम दैलेख वजार हो यस जिल्लामा साविकमा रहेका ६० गाविस हरुलाई हाल प्रशासनिक एवं राजनितिक तवरले ४ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी ११ वटा स्थानीय तहहरुमा विभाजन गरिएको छ यो जिल्ला पूर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरारमा कालीकोट र दक्षिणमा सुर्खेत जिल्ला सँग सिमाना जोडिएको छ।



दैलेख जिल्लाको राजनितिक तथा प्रशासनिक विभाजन सहितको नक्सा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

## ३. मनसुन पूर्व तयारी कार्ययोजना, २०८१

दैलेख जिल्लामा धेरै प्रकारका प्रकोपहरु भएता पनि प्राथमिकिकरणको आधारमा पहिलो नम्बरको प्रकोप बाढी भएको हुनाले मनशुनको समयमा बाढीको प्रकोपबाट हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनमा कार्य गर्ने सबै सरकारी तथा गैह सरकारी निकायहरुले मनसुन पुर्वतयारी कार्य योजना बनाई तयारी अवस्थामारहन आवश्यक देखिएकाले यो मनसुन पुर्वतयारी कार्ययोजना २०८१ तयार गरिएको छ ।

| सिन. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समस सिमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो तथा डुबानको जेखिममा रहको बस्तीहरुको पहिचान गरि पुर्व सुचना दिने र समुदायमा रहको संचार माध्यमबाट प्रचार प्रसार गर्ने | - जिल्ला विपद् व्यवस्थापन समिति<br>- सबै स्थानीय तहहरु | स्थानीय तहहरु, सुरक्षा निकायहरु | मनसुन शुरु हुनु पुर्व समय देखि निरन्तर | |
| २ | वर्षा र बाढी सुचनाको लागि बाढी तथा वर्षामापन केन्द्रका सम्पर्क व्यक्तिहरु, प्रभावित समुदायलाई सुचना गर्न सम्पर्क व्यक्ति, रेडियो एफ एम, जिल्ला समन्वय समिति, स्थानीय तह, सुरक्षा निकायहरु, रेडक्स EOCसम्पर्क नं संकलन वा अद्यावधिक गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>DEOC, LEOC | - स्थानीय तहहरु, सुरक्षानिकायहरु जिल्ला वा स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र<br>- नेपाल रेडक्स सोसाईटी<br>- अन्य संघसस्थाहरु | मनसुन शुरु हुनु पुर्व समय देखि निरन्तर | |
| ३ | खोज तथा उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने, | खोज तथा उद्धारमा संलग्न निकायहरु<br>सडक डिभिजन कार्यलय,<br>सुरक्षा निकायहरु | - सुरक्षा निकायहरु<br>- निर्माण व्यवसायी संघ, एम्बुलेन्ससंचालन संघ<br>- सडक डिभिजन कार्यलय, जि.स.स,स्थानीय तह मार्फत भारीउपकरणहरुडोजर,एक्साभेटर ,ट्रिपर,ट्रक । | जेठको पहिलो हप्ता | |
| ४ | बाढी सम्बन्धी कृतिम घटना अभ्यास गर्ने | - जिल्ला विपद् व्यवस्थापन समिति<br>- सबै स्थानीय तहहरु | - जिल्ला वा स्थानीय आपत्कालीकार्यसंचालन केन्द्र<br>- नेपाल रेडक्स सोसाईटी | जेठको पहिलो हप्ता | |

| सिन. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समस सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | | | - अन्य संघसस्थाहरु | | |
| ५ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रलाई तयारी अवस्थामा राख्ने | -जिल्ला आपतकालिन कार्यसंचालन - केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति | - राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र - नेपाल रेडकस सोसाईटी | निरन्तर | |
| ६ | स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रलाई तयारी अवस्थामा राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, नेपाल रेडकस सोसाईटी | निरन्तर | |
| ७ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने र तथा जिल्ला भएको भण्डारण अनुगमन गरी अध्यावधिक गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु( LEOC ) | नेपाल रेडकस सोसाईटी | जेठको पहिलो हप्ता | |
| ८ | जिल्ला विपद् व्यवस्थापन राहत कोषमा न्यूनतमरकम राख्ने | जिल्ला विपद् व्यवस्थापन समिति | गृहमन्त्रालय | निरन्तर | |
| ९ | स्थानीय तहमा विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति | स्थानीय तह | निरन्तर | |
| १० | सुरक्षा निकायहरुलाई तयारी अवस्थामा राख्ने | नेपाली सेना, शसस्त्र प्रहरीबल,नेपाल प्रहरी बल | गृहमन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर | |
| ११ | बाढी पूर्व सुचना प्रणालीलाई थप प्रभावकारी बनाउने | जल तथा मौषम विज्ञान विभाग, स्थानीय ईकाई कार्यलय, सुरक्षानिकायहरु | जल तथा मौषम विज्ञान विभाग, जलमापन,वर्षामापन केन्द्रहरु, सुरक्षा निकायहरु, DEOC | निरन्तर | |
| १२ | विपद्को समयमा सुचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्वार प्रणाली अपनाउने | जिल्ला विपद् व्यवस्थापन समिति | गृह मन्त्रालय<br>जल तथा मौषम विज्ञान विभाग<br>जलमापन केन्द्रहरु<br>बर्षामापन केन्द्रहरु<br>सुरक्षा निकायहरु<br>NEOC, नेपाल रेडकस सोसाईटी,<br>नेपाल पत्रकार महासंघ | मनसुनको समयमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | रेडियो सेट अपडेट गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | नेपाली सेना, शसस्त्र प्रहरी बल, नेपाल प्रहरी, ~~DEOC~~नेपाल रेडक्स सोसाईटी | सधै | |
| १४ | स्थानीय स्वयमं सेवक परिचालन गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु( LEOC ) | क्लष्टर निकायहरु, नेरेसो, जिल्ला स्थितसरकारी तथा गैह्र सरकारी संघसस्थाहरु | निरन्तर | |
| १५ | घटना लगतै घटना पश्चात द्रुत सर्वेक्षण र सुचना संकलन गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन | नेपाली सेना, शसस्त्र प्रहरी बल, नेपाल प्रहरी DEOC, नेपाल रेडक्स सोसाईटी | | |
| राहत, पुनस्थापना, पुर्नलाभ जिल्ला समन्वय समिति, सबै स्थानीय तहहरु | | | | | |
| १ | सामुहिक एफ. एम लगायत स्थानीय मिडिया माफत मनसुन पुर्व तयारी प्रचार प्रसार अभियानसंचालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय रेडक्स, स्वयमंसेवक तथा उपशाखाहरु,समुदाय स्तरको तालिम प्राप्त स्वयमंसेवकहरु, सरकारी तथा गैह्रसरकारी संघसस्थाहरु | जेठको अन्तिम हप्ता देखि निरन्तर | |
| २ | विपद् पछि क्षतिको लेखाजोखा गर्न, राहत वितरण गर्न | सबै स्थानीय तहहरु, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय रेडक्स स्वयमंसेवक तथा उपशाखाहरु,समुदायस्तरको तालिम प्राप्त स्वयमंसेवकहरु, सरकारी तथा गैह्रसरकारी संघसस्थाहरु | निरन्तर | |
| ३ | स्थानिय स्तरमा तालिम प्राप्त स्वयंसेवक पहिचान गरि तयारी तथा परिचालन गर्ने | सबै स्थानीय तहहरु | स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय रेडक्स स्वयमंसेवक तथा उपशाखाहरु,समुदाय स्तरको तालिम प्राप्त स्वयमंसेवकहरु, सरकारी तथा गैह्रसरकारी संघसस्थाहरु | निरन्तर | |
| ४ | विपद् पूर्वानुमान गरी न्यूनतम बन्दोबस्तीका सामाग्रीहरु व्यवस्थापन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय रेडक्स स्वयमंसेवक तथा उपशाखाहरु,समुदाय स्तरको तालिम प्राप्त स्वयमंसेवकहरु, सरकारी तथा गैह्रसरकारी संघसस्थाहरु | जेठको दोश्रो हप्ता भित्र | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

| | | | | | |
|---|---|---|---|---|---|
| अस्थायी आवास तथा गैह्रखाद्य सामाग्री व्यवस्थाप : स्थानीय तह रनेपाल रेडकस सोसाईटी दैलेख जिल्ला शाखा | | | | | |
| १ | जिल्ला विपद् जोखिम क्षेत्रको पहिचान गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | सुरक्षा निकायहरु, स्थानीय तहहरु, नेपाल रेडकस सोसाइटी, जिल्लास्थित सरकारी तथा गैह्र सरकारी संघसस्थाहरु | जेठको पहिलो हप्ता भित्र | |
| २ | अस्थायी आवास योजनाको लागि सुरक्षित स्थानहरुको पहिचान तथा अद्यावधिक गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | सबै स्थानीय तहहरु, जिल्ला प्रशासन कार्यलय, सुरक्षा निकायहरु, जिल्ला समन्व समिति, नेपाल रेडकस, जिल्ला स्थित सरकारी तथा गैह्रसरकारीसंघसस्थाहरु | जेठको पहिलो हप्ता भित्र | |
| ३ | आपतकालिन अवस्थामा अस्थायी आवास निर्माणकालागि प्राविधिक सहयोग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु, शहरी विकास तथा भवन डिभिजन कार्यलय | नेपाल रेडकस सोसाईटी, अस्थायी आवासका सबै सदस्यहरु | निरन्तर | |
| ४ | अस्पताल,विद्यालय,सुरक्षा निकाय तथा मानवीय आवश्यकताका सामाग्री भण्डारणका लागि क्याम्प व्यवस्थापन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु, शहरी विकास तथा भवन डिभिजन कार्यलय | नेपाल रेडकस सोसाईटी, अस्थायी आवासका सबै सदस्यहरु | जेठको पहिलो हप्ता | |
| ५ | तत्काल राहत वितरणमा लागि गैह्रखाद्य सामाग्री व्यवस्थापन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | जिल्ला विपद् व्यवस्थापन समिति,नेपाल रेडकस र अन्य सघसस्थाहरु,सबै क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता | |
| ६ | विपद् पुर्व तयारी प्रतिकार्य योजनाको कार्यान्वियन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडकस र अन्य संघसस्थाहरु सबै क्षेत्रगत सदस्यहरु | विपद् पश्चात | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | अस्थायी आवास व्यवस्थापनका लागि सरोकारवाला निकायमा सहजीकरणमा सहयोग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र सबै स्थानीय तहहरु | स्थानीय विपद् व्यवस्थापन समिति,बन डिभिजन कार्यालय, स्थानीय रेडकस स्वयमंसेवक तथाउपशाखाहरु, समुदायस्तरका तालिम प्राप्त स्वयमं सेवकहरु, जिल्ला स्थित सरकारी तथा ग्रैहसरकारी संघसस्थाहरु | जेठको दोश्रो हप्ता | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दैलेख

## खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालय दैलेख

| क.न | कियाकलाव | जिम्मेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा सुरक्षित खानेपानीका लागि आवश्यक व्यवस्थापन गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | स्थानीय तह WASH CC<br>जिल्ला स्तरको WASH CC<br>जिल्ला विपद् व्यवस्थापन समिति | नियमित | |
| २ | आपत्कालीन अवस्थामा शौचालय निर्माणका लागि प्राविधिक सहयोग गर्ने (आवास व्यवस्थापनक्षेत्रसंग समन्वय गर्ने ) | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | स्थानीय तह WASH CC, जिल्ला स्तरको WASH CC | विपद् पश्चात | |
| ३ | वैकल्पिक खानेपानीको श्रोतको पहिचान गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिल्ला समन्वय समिति, स्थानीय तहहरु | जेठको पहिलो हप्ता | |
| ४ | अस्पताल, विद्यालय, सुरक्षा निकाय तथा मानविय आवास क्षेत्रमा WASH KITव्यवस्थागर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | WASH क्षेत्रगत सदस्यहरु, जिल्ला स्थित गैह्रसरकारी संघसस्थाहरु | जेठको पहिलो हप्ता | |
| ५ | WASH प्रतिकार्य योजना अनरुप तयारी अवस्थामा रहनेगरी पूर्वतयारी बैठक बस्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | WASH क्षेत्रगत समुहका सदस्यहरु | जेठको पहिलो हप्ता | |
| ६ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायिक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति स्थानीय तहहरु | मनसुन शुरु हुनुभन्दा १ हप्ता पहिले | |

शिक्षा विकास तथा समन्वय ईकाई सवै स्थानीय तहहरु

| क.स | कियाकलावहरु | जिम्मेवारी | सहयोगी निकायहरु | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपद् वाट प्रभावित्त हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने । | शिक्षा विकास तथा समन्वय ईकाई कार्यलय | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा | |
| २ | संकटासन्न विद्यालयक शिक्षक एवम् वि. व्य. स.सदस्यको सम्पर्क अद्यावधिक गर्ने । | शिक्षा विकास तथा समन्वय ईकाई कार्यालय र संघसस्थाहरु | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा | |
| ३ | मनसुनको समयमा बाढी प्रभावित हुन सक्ने विद्यालयहरुल LEOC / DEOCसंग नियमित सम्पर्कमा रहने | स्थानीय तह | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | मनसुनको समय भरि | |
| ४ | विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई पुर्व सुचनाको अभिमुखिकरण र संकटासन्न क्षेत्रमा भएको विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई थप प्रकोप व्यवस्थापन र प्राथमिक उपचार तालिम दिनु पर्ने | शिक्षा विकास तथा समन्जय ईकाई कार्यालय र संघसस्थाहरु, स्थानीय तह शिक्षा विकास शाखा | स्थानीय तह<br>नेपाल रेडक्रस सोसाईटी | | |

शिक्षा विकास तथा समन्वय ईकाई सवै स्थानीय तहहरु

| क. स | कियाकलावहरु | जिम्मेवारी | सहयोगी निकायहरु | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपद् वाट प्रभावित हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने । | शिक्षा विकास तथा समन्वय ईकाई कार्यलय | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा | |
| २ | संकटासन्न विद्यालयक शिक्षक एवम् वि. व्य. स.सदस्यको सम्पर्क अद्यावधिक गर्ने । | शिक्षा विकास तथा समन्वय ईकाई कार्यालय र संघसस्थाहरु | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा | |
| ३ | मनसुनको समयमा बाढी प्रभावित हुन सक्ने विद्यालयहरुले LEOC / DEOCसंग नियमित सम्पर्कमा रहने | स्थानीय तह | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | मनसुनको समय भरि | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई पुर्व सुचनाको अभिमुखिकरण र संकटासन्न क्षेत्रमा भएको विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई थप प्रकोप व्यवस्थापन र प्राथमिक उपचार तालिम दिनु पर्ने | शिक्षा विकास तथा समन्जय ईकाई कार्यालय र संघसस्थाहरु, स्थानीय तह शिक्षा विकास शाखा | स्थानीय तह नेपाल रेडक्रस सोसाईटी | | |

| खाद्य सामाग्री तथा कृषि : कृषि विकास कार्यालय, स्थानीय तहहरु | | | | | |
|---|---|---|---|---|---|
| १ | खाद्य सामाग्रीको मौज्दात विवरण अध्यावधिक गर्ने | स्थानीय तहहरु कृषि विकास कार्यालय | उद्योग बाणिज्य संघ, | जेठको पहिलो हप्ता | |
| २ | विपद् समयका लागि स्टक राख्ने ( कम्तीमा १ महिनाको लागि ) | स्थानीय तहहरु, विश्व खाद्यकार्यक्रम | उद्योग बाणिज्य संघ | जेठको तेश्रो हप्ता | |
| ३ | आफ्नो मातहतमा रहेको सवारी साधन, कृषि प्राविधिकहरुलाई तयारी अवस्थामा राख्ने | जिल्ला प्रशासन कार्यालयर स्थानीय तहहरु | सबै स्थानीय तहहरु, उद्योग बाणिज्य संघ | निरन्तर | |
| ४ | मनसुनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपकाबारेमा सामुदायिक – संचारमाध्यमबाट प्रचारप्रसारको व्यवस्था मिलाउने | जिल्ला समन्वय समितिर स्थानीय तहहरु | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी संघसस्था | | |

पशु पंक्षि तथा चौपाया व्यवस्थापन : भेटेरीनरी अस्पताल तथा पशुसेवा केन्द्र

| सि. न | कियाकलाप | जिम्मेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु पंक्षीबाट हुन सक्ने संक्रमण विरुद्ध खोप | भेटेरीनरी अस्पताल तथा पशुसेवा केन्द्र र स्थानिय तह | जिल्ला विपद् व्यवस्थापन समिति | नियमित | |
| २ | पशु पंक्षीबाट हुन सक्ने संक्रमण रोग नियन्त्रण | | | नियमित | |
| ३ | वर्ड फ्लू नियन्त्रण | | | नियमित | |
| ४ | मृत पशुपंक्षी व्यवस्थापन | भेटेरीनरी अस्पताल तथा पशुसेवा केन्द्र र स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति | विपद् पश्चात | |
| ५ | राहत वितरण | गा.पा. र न.पा | जिल्ला विपद् व्यवस्थापन समिति | विपद पश्चात | |
| ६ | जनशक्ति परिचालन | गा.पा. र न.पा | जिल्ला विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दैलेख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

## ४. बाढी विपद् प्रतिकार्य तालिका २०८०

| | प्रतिकार्य लागि गतिविधीहरु | जिम्मेवारी |
|---|---|---|
| ० देखि १ दिन | विपद्बाट भएको प्रभावको प्रारम्भिक सुचना लिने | DEOC |
| | जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बस्ने<br>विपद् सुचना अधिकारी सुनिश्चित गर्ने<br>पुर्व सुचना प्रणालीलाई सक्रिय बनाउने<br>जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रलाई कार्यसंचालन कार्यविधि अनुसार सक्रिय बनाउने | जिल्ला प्रमुख अधिकारी |
| | प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्ने टोली परिचालन गर्ने स्वयंसेवक कार्यदल परिचालन खोजउद्धार तथा प्राथमिकउपचा | नेपालीसेना,नेपालप्रहरी,शसस्त्रप्रहरीवल,ने |
| | स्थल मार्गबाट उद्धार गर्न नसकिने प्रभावितहरुलाई हेलिकप्टर परिचालनका लागि प्रदेश वा संघिय सरकारलाई अनुरोध गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्राथमिक उपचार, एम्बुलेन्स सेवा परिचालन गर्ने गराउने | स्वास्थ्य सेवा कार्यलय मुगु,नेरेसो, स्थानीय तह, |
| | विषयगत क्षेत्रगत निकायहरु संग समन्वय<br>विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | DDMC/DEOCClusterLead/ Co-lead |
| | स्थानीय तहको समन्वयमा विस्थापितहरु रहेको स्थानबारे जानकारी लिने | स्थानीय तह,जिल्ला विपद व्यवस्थापन सि<br>जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| | प्रारम्भिक द्रुत लेखाजोखाका लागि टोली परिचालन | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय |
| | प्रभावित समुदायहरुलाई विपद् प्रतिकार्यका लागि भए गरेका प्रयासहरु तथा सार्वजानिक आव्हान विषयक सुचनाहरु प्रवाह गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र , स्थानीय पत्रपत्रिका र एफएम रेडियो |
| | विस्थापितहरुलाई तयारी खाना, पानीको व्यवस्था गरी वितरण गर्ने | स्थानीय तहहरु , क्लष्टर सदस्यहरु |
| | विस्थापितहरुलाई त्रिपाल उपलब्ध गराई आश्रय स्थलको व्यवस्था मिलाउने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, नेरेसो, अन्य सघसस्थाहरु |
| | प्रतिकार्यका लागि भए गरका कार्यहरुको अवस्था बारे NEOC,PEOC / LEOCमा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र ( DEOC ) |
| दोस्रो दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र ( DEOC),जल तथा मौषम विज्ञान विभाग, सन्चारमाध्यमहरु |
| | राहत वितरण कार्यलाई समन्वय गरी एकद्धार प्रणाली मार्फत वितरणको प्रवन्ध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, क्लष्टरहरु |
| | विस्थापितहरुलाई तयारी खाना, पानीको थप व्यवस्था गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह,उद्योग बाणिज्य संघ |
| | विस्थापितहरुलाई गैह्रखाद्य सामाग्री थप वितरण गर्ने | |
| | प्रारम्भिक द्रुत लेखाजोखा तथ्यांक समायोजन गरी अनुमोदन गर्ने र लेखाजोखा समन्वयटोली ( ACT) परिचालन लागि NEOC संग अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| | विस्थापित भएकाहरुलाई अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह,नेपाल रेडकस सोसाईटी, निजी क्षेत्र |

| | | |
|---|---|---|
| तेस्रो दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन के… DEOC)जल तथा मौषम विज्ञान विभा… सन्चारमाध्यमहरु |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्यू भएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | राहत वितरण कार्यलाई थप प्रभावबारी बनाई निरन्तरता दिने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थ… तहहरु |
| | अतिसंकटासन्न अवस्थामा रहेका समुदायहरुलाई विषेश निगरानी तथा आधारभुतस्वास्थ्य सेवा उपलब्ध गराउने | स्वास्थ्य सेवा कार्यालय, स्थानीय तह स… शाखा |
| | प्रभावित क्षेत्रमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्वन्धमा विषेश निगरानी राख्ने तथा बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुलाई विषेश संरक्षणकोप्रवन्ध मिलाउने | स्थानीय तह महिला तथा बालबालिका … जिल्ला बालकल्याण समिति जेष्ठ नागरि… तथा अपाङ्गताभएका व्यक्तिहरुका लागि … गर्ने निकायहरु |
| | खाद्य तथा गैह्रखाद्य सामाग्रीहरु, सुक्ष्म पोषण तथा बाल भिटामिन लगायत पोषणयुक्त खाना वितरण गर्ने | स्थानीय तह, नेरेसो जिल्लाशाखा,स्वास्थ्य कार्यलय, अन्य सहयोगी निकायहरु |
| | विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | प्रतिकार्यका लागिभए गरेका कार्यहरुको अवस्था बारेमा NEOC/PEOC मा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| चौथो दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र … DEOC) जल तथा मौषम विज्ञान विभाग, सन्चारमाध्यमहरु |
| | राहत वितरण कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानी… तहहरु |
| | खानेपानी, सरसफाई र स्वच्छताका गतिविधिहरु संचालन गर्ने | खानेपानी तथा सरसफाई डि कार्यालय स्थानीय तह |
| | विपदबाट अवरुद्ध सडक संजाल मर्मत गरि तत्कालका लागि संचालनमा ल्याउने | स्थानीय तह, सडक डिभिजन कार्यालय |
| | प्रभावित समुदायलाई नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम नगद तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानी… तहहरु |
| | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने | स्थानीय तहहरु |
| | विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | प्रतिकार्यका लागिभए गरेका कार्यहरुको अवस्था बारेमा NEOC/PEOCमा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| पाँचौ दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (… DEOC), जल तथा मौषम विज्ञान विभाग, सन्चारमाध्यमहरु |
| | प्रभावितहरुको पहुचा सम्म राहत सहायता पुगे नपुगेको स्थानहरुमा थप राहत वितरणको व्यवस्थागर्ने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहहरु |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर,विद्यालय जस्ता आधारभुत क्षेत्रमा विद्युतिय सेवा उपब्ध गराउने | विद्युत प्राधिकरण कार्यलय |
| | थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दैलेख

| | | |
|---|---|---|
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | प्रतिकार्यका लागिभए गरेका कार्यहरुको अवस्था बारेमा NEOC/PEOCमा जाहेरीगर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन् |
| छैठौं दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन् DEOC) जल तथा मौषम विज्ञान विभा सन्चारमाध्यमहरु |
| | थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारेमा NEOC/PEOCमा जाहेरीगर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| सातौ दिन | मौषम सम्वन्धी सुचना नियमित प्रशारण गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र DEOC),जल तथा मौषम विज्ञान विभाग, सन्चारमाध्यमहरु |
| | विषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु |
| | थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रभावित क्षेत्रमा खासगरी संकटासंन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको प्रत्याभूती दिने विशेष गरी लैङगिक हिंसा नियन्त्रण गर्न विषेश ध्यान दिने | स्थानीय तह ,महिला तथा बालबालिका |
| | गैह्र खाद्य सामाग्री वितरण गर्ने | स्थानीय तह, नेरेसो |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनुगमन र प्रतिवेदनका तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति |
| | प्रतिकार्यका लागिभए गरेका कार्यहरुको अवस्था बारेमा NEOC/PEOCमा जाहेरी गर्ने | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र |
| | आवश्यकताकोआधारमाविपद् लेखाजोखा मार्ग दर्शन २०७२ अनुसारथप लेखाजोखाऔजारहरुलाई सक्रिय बनाउने | जिल्ला विपद् व्यवस्थापन समिति क्लष्टर र अन्यसदस्यहरु |
